महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाण्डौं ।

सूचनाको हक कार्यान्वयन सम्बन्धी प्रतिवेदन
(२०७८ श्रावण १ देखि असोज ३१ सम्म)

१. **परीचयः** नेपालको संविधान २०७२ को धारा २४१ अनुसार सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीपरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यस्तै पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको सवामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसंग परामर्श गरिने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण व्यवस्थापन गर्ने गरेको छ ।

२. **लेखापरीक्षणको दुरदृष्टि, गन्तव्य र मूल्य मान्यताः** लेखापरीक्षण संस्थाको दुरदृष्टि "जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रर्वद्धन गर्ने विश्वसनिय संसथा हुन प्रयत्नशील रहने" गन्तव्य " सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने" र मूलयमान्यतामा "निष्ठा, स्वतन्त्रता, व्यवसायिकता, पारदर्शिता र जवाफदेहिता" रहेको छ ।

३. **लेखापरीक्षणका आधारः** लेखापरीक्षणका आधारमा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, कार्यविधी आदि रहेका छन् । यसका अतिक्ति प्रचलित एने, नियमको आधारमा लेखापरीक्षण गर्ने व्यवस्था छ ।

४. **लेखापरीक्षण प्रकारः** महालेखापरीक्षकको कार्यालयले मुख्यतः वित्तिय, कार्यमूलक र परीपालनाको लेखापरीक्षण गर्ने गर्दछ । यसका अतिरिक्त सूचना प्रविधिको लेखापरीक्षण, विशेष लेखापरीक्षण लगायतका लेखापरीक्षण गर्दै आएको छ ।

५. **लेखापरीक्षण प्रक्रियाः** लेखापरीक्षण व्यवस्थापन गर्दा मुख्यतः लेखापरीक्षण योजना तर्जुमा, योजना कार्यान्वयन, प्रतिवेदन र सम्परीक्षण गर्ने कार्य गर्ने गरिन्छ । लेखापरीक्षण योजना तर्जुमा गर्दा मुख्यतः जोखिममा आधारित लेखापरीक्षण योजना तर्जुमा गरिने र लेखापरीक्षणका जोखिमहरुको मूल्यांकनका आधारमा प्राथमिकरण गरी लेखापरीक्षण विधि छनौट गर्ने गरिन्छ । जोखिम बर्गिकरण अनुसार विस्तृत, मध्यम र न्यून जोखिमयुक्त कार्यलयमा विभक्त गरी लेखापरीक्षण कार्य सम्पन्न गर्ने गरिएको छ ।

६. **सूचनाको हक कार्यान्वयन सम्बन्धी व्यवस्थाः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को कार्यान्वयन सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था

गरी सार्वजनिक निकायको काम कारवाहीमा पारदर्शिता कायम गर्न सहयोग पुग्ने गरी सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ जारी भएको छ ।

७. **सूचना अधिकारीः** कार्यालयबाट सम्पादित कामको नियमित सूचना प्रवाह गर्नका लागि सूचना अधिकारीको रुपमा निर्देशक श्री नेत्र प्रसाद पौडेल (फोन नं. ०१-४७७२२२०, मोवाइल नं. ९८५१११७५११ इमेलः dir.admin@oagnep.gov.com) लाई नियुक्त गरिएको छ ।

८. **सूचना प्रवाहको माध्यमः** यस कार्यालयबाट सम्पादित कामहरुको सूचना प्रवाह गर्नका लागि वेभसाइट (www.oagnep.gov.np) मा सूचना जानकारी अपलोड गर्ने, नियमित बुलेटिन प्रकाशन गर्ने र सूचनाको हक सम्बन्धी अधिकार अन्तगत सूचना माग गरेमा सो सूचना वा जानकारी उपलब्ध गराउने गरिएको छ ।

९. **पहिलो त्रैमासिकमा सूचना माग गरेको विवरणः** सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गरी २०७८ साल श्रावण १ देखि २०७८ असोज ३१ सम्म माग गरेको सूचना र सो सम्बन्धमा सम्बन्धमा उपलब्ध गराएको सूचना तथा जवाफको विवरण देहाय बमोजिम छः

सि.नं.	सूचना माग गर्ने, मिति	माग गरेको विषय	सूचना वा जानकारी उपलब्ध गराएको विवरण र मिति
१.	गणेशदत्त भट्ट, कन्चनपुर । २०७८/०४/०२	लालझाडी, बेलडाँडी गापा तथा कृष्णपुर, महाकाली नपा र घनगढी, गोदावरी, गौरीगंगा नपा कैलालीको आ.व. २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०४/२९ मा इमेलमार्फत डिजिटल कपि पठाईएको ।
२.	लोचन आचार्य, अर्घाखाँची हाल काठमाण्डौ । २०७८/०५/०८	आयुर्वेद क्याम्पस, किर्तिपुरको आ.व. २०७४।७५, ०७५।७६ र ०७६।०७७ को लेखापरीक्षणको प्रतिवेदन ।	मिति २०७८/०५/०९ मा इमेलमार्फत डिजिटल कपि पठाईएको ।
३.	बसन्त अर्याल, गुल्मी (नेपाल खबर डट कम । २०७८/०५/०८	५८ औ वार्षिक प्रतिवेदनमा समावेश भएको अर्थ मन्त्रालय खण्डको दफा ७६ संग सम्बन्धित हवाई सेवा कर सम्बन्धि विवरण ।	माग गरेको विवरण आयकर ऐन, २०५८ को दफा ८४ अनुसार उपलब्ध गराउन नमिल्ने देखिएको व्यहोरा सहित मिति २०७८/०५/०९ मा जानकारी दिइएको ।
४.	टेकराज थामी, बरिष्ठ रिपोर्टर, नया पत्रिका । २०७८/०५/०८	काठमाण्डौ तराई द्रुतमार्ग (फास्ट ट्रयाक) को आ.व. २०७६।७७ को लेखापरीक्षणको प्रारम्भित प्रतिवेदन ।	मिति २०७८/०५/०८ मा प्रतिवेदनको प्रतिलिप (हार्डकपि) उलब्ध गरिएको ।
५.	यमबहादुर बम, संवादाता, नयापत्रिका । २०७८/०५/०९	५८ औ वार्षिक प्रतिवेदन अन्तर्गत काठमाण्डौ महानगरपालिकाको लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०५/०९ मा इमेल र सिडि मार्फत उपलब्ध गरेको ।

६.	महेश्वर गजुरेल, ईकर्मचारी डट कम । मिति २०७८/०५/११	रसुवा जिल्लाको ५ वटै स्थानीय तहको आ.व. २०७६।७७ को लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०५/११ मा इमेल मार्फत डिजिट कपि पठाईएको ।
७.	राजन छुकाँ, भक्तपुर । मिति २०७८/०५/११	भक्तपुर जिल्ला स्थित भक्तपुर, चाँगुनारायण, सुर्यविनायक र मध्यपुरठिमि नपाको आ.व. २०७७।७८ को लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०५/११ मा इमेल मार्फत डिजिट कपि पठाईएको ।
८.	विद्या राई, भोजपुर । मिति २०७८/०५/१३	बझाङ जिल्ला स्थित जयपृथ्वी, बुंगल नपा तथा साइपाल, तल्कोट, मष्टा, खप्तडछान्ना, थलरा, बत्थडचिर, केदारस्यू, दुर्गाथली, छविसपाथिभेरा र सर्मा गापा को आ.व. २०७६।७७ को लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०५/१३ मा इमेल मार्फत डिजिटल कपि पठाईएको ।
९.	भोला देवकोटा 'परिवर्तन', धादिङ हाल काठमाण्डौ । मिति २०७८/०५/०९	देशभरका सबै स्थानीय तहको आ.व. २०७६।७७ को लेखापरीक्षण प्रतिवेदन ।	कार्यालयको वेवसाईटमा उपलब्ध रहेको जानकारी गरिएको ।
१०.	रुद्र पंगेनी, पाल्पा (पत्रकार), मिति २०७८/०५/०८	आ.व. २०७४।७५ र २०७५।७६ को अर्थ मन्त्रालय अन्तर्गत विकास सहायता परिचालन सम्बन्धमा महालेखापरीक्षकले तयार गरेको प्रतिवेदन ।	मिति २०७८/०५/१५ मा यस कार्यालयको प्रतिवेदनमा भएसम्मको विवरण इमेल उपलब्ध गरिएको ।
११.	चुरामनि खनाल, एपिवान टेलिभिजन । मिति २०७८/०५/२०	पशपति क्षेत्र विकास कोषको आ.व. २०७६।७७ को लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०५/२० मा प्रतिलिपि (हार्डकपि) उपलब्ध गरिएको ।
१२.	रञ्जित तामाङ, स्थानीय खबर डटकम । २०७८/०५/१०	स्थानीय तहहरुको आ.व. २०७६।७७ को लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०५/२० मा इमेल मार्फत डिजिटल कपि उपलब्ध गरिएको ।
१३.	यमबहादुर बम, संवादाता, नयापत्रिका । २०७८/०५/१३	महालेखापरीक्षको ५८ औ वार्षिक प्रतिवेदन अन्तर्गत ललितपुर, भरतपुर, पोखरा, वीरगन्ज र विराटनगर मनपाको अन्तिम लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०५/१६ मा इमेल मार्फत पठाईएको ।
१४.	महेश्वर गजुरेल, ईकर्मचारी डट	बैंक तथा वित्तिय संस्थाको मर्जर प्रकृयाको क्रममा भएको कर छली	माग गरेको विवरण आयकर ऐन, २०५८ को दफा ८४

	कम । मिति २०७८/०५/१६	सम्बन्धी पूर्ण विवरण, नेपाल २०१६	अनुसार उपलब्ध गराउन नमिल्ने देखिएको व्यहोरा सहित मिति २०७८/०५/२२ को पत्रबाट जानकारी दिइएको ।
१५.	रिता बढाथोकी, सम्पादक, दियोपोष्ट । मिति २०७८/०५/२०	महालेखापरीक्षको ५८ औ वार्षिक प्रतिवेदनको अर्थ मन्त्रालय खण्डको दफा ६१.१ देखि १४४ सँग सम्बन्धित विवरण ।	माग गरेको विवरण आयकर ऐन, २०५८ को दफा ८४ अनुसार उपलब्ध गराउन नमिल्ने देखिएको व्यहोरा सहित मिति २०७८/०५/२२ को पत्रबाट जानकारी दिइएको ।
१६.	पुष्प ढुङ्गाना, पत्रकार । मिति २०७८/०५/२१	भ्रमण बर्ष २०२० मा भएको खर्च विवरणको सम्पूर्ण सूचना ।	मिति २०७८/०५/२२ मा क्यान र भिजिट नेपालको इमेलबाट पठाईएको ।
१७.	महेश्वर गजुरेल, ईकर्मचारी डट कम । मिति २०७८/०५/२७	मन्त्रालय तथा मातहत रहेको सवारी साधन, तिनको अवस्था र प्रयोगकर्ता को विवरण र आ.व. २०७७।७८ मा खपत भएको इन्धनको विवरण	मिति २०७८/०६/०१ मा पत्रको प्रतिउत्तर पठाईएको ।
१८.	महेश्वर गजुरेल, ईकर्मचारी डट कम । मिति २०७८/०६/०१	महालेखापरीक्षको ५८ औ वार्षिक प्रतिवेदन अनुसार आ.व. २०७७।७८ को सम्पूर्ण संघीय मन्त्रालयको अन्तिम लेखापरीक्षण प्रतिवेदन ।	कार्यालयको वेवसाईटमा उपलब्ध रहेको जानकारी गरिएको ।
१९.	महेश्वर गजुरेल, ईकर्मचारी डट कम । मिति २०७८/०६/०१	आ.व. २०७७।७८ को जलस्रोत तथा सिंचाई विकास सब-डिभिजन रसुवाको अन्तिम लेखापरीक्षण प्रतिवेदन ।	मिति २०७८/०६/०६ मा इमेलमार्फत डिजिटल कपि पठाईएको ।

१०. **निष्कर्षः** जिम्मेवारी एवं जवाफदेहिताको प्रर्वद्धन गर्न पारदर्शिताको आवश्यक पर्ने र पारदर्शिताको मापन सूचना प्रवाहबाट गर्न सकिने भएकोले सूचना प्रवाहको भूमिका महत्वपूण रहेको छ । सूचना प्रवाहले पारदर्शिता प्रर्वद्धन गर्दै जिम्मेवारी र जवाफदेहिता वहनमा सघाउ पुगन गई कार्यालयको कार्य सञ्चालन सतर वृद्धि हुने तर्फ कार्यालयले विशेष ध्यान दिदै आएको छ ।

(नेत्र प्रसाद पौडेल)
निर्देशक/सूचना अधिकारी